भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नम्बर प्रदेश, नेपाल
फोन नं. : ०१-६२०१८१७
ईमेल :ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक ३ नं. प्रदेश, नेपाल २०७३

पत्र संख्या : ०७६/०७७
चलानी नं. : ५१८

मिति : २०७६/०७/२८

## भोटेकोशी गाउँपालिका भित्र उत्खनन भई बिक्रि/निकासी हुने गिट्टी तथा वालुवामा लाग्ने शुल्क/कर संकलन गर्ने सम्बन्धी सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ तथा भोटेकोशी गाउँपालिकाको आर्थिक ऐन, २०७६ को दफा १५ को अनुसूचि १४ मा भएको व्यवस्था अनुसार भोटेकोशी गाउँपालिकाको आ.व. २०७६/०७७ को ठेक्का वन्दोवस्त भएको मिति देखी २०७७ जेठ मसान्त सम्म आन्तरिक आय संकलन गर्नुपर्ने भएकोले प्रदेश सभाबाट तोकिएकों दररेटमा राजश्व संकलनको ठेक्का लिन इच्छुक सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। साथै सूचना यस कार्यालयको वेभसाइट www.bhotekoshimun.gov.np मा समेत हेर्न सकिनेछ।

### ठेक्काको विवरण

| आय ठेक्का नं. | ठेक्काको विवरण | दररेट | न्युनतम ठेक्काअंक | बोलपत्रफाराम दस्तुर | धरौटी |
|---|---|---|---|---|---|
| ७–२०७६/७७ | यस गाउँपालिका भित्र उत्खनन (भोटेकोशी नदि बाहेक) भई बिक्रि/निकासी हुने गिट्टी तथा वालुवामा लाग्ने शुल्क/कर संकलन गर्ने | आ.व. ०७६/७७ संकलन शुल्क रु. ३ (तीन) तथा बिक्रि शुल्क रु. ६ गरी जम्मा प्रति घनफिट रु. ९ (नौ) तर गा.पा. भित्र खपत हुने भुकम्प पिडितको हकमा निशुल्क हुनेछ। | रु. ५,२४,९८८।- (पाँच लाख चौबीस हजार नौ सय अठासी) मु.अ. कर बाहेक | रु. १०००।- (एक हजार) | कबोल अंकको ५% (पाँचप्रतिशत) |

### ठेक्का सम्बन्धी शर्तहरु

१. ठेक्का लिन इच्छुक व्यक्ति वा फर्म वा कम्पनीले माथि उल्लेखित न्युनतम अंकमा नघट्ने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र आ.व. २०७४/०७५ सम्मको



२०७६/०७/२८

फोन नं. : ०१-६२०१८१७
ईमेल :ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np


पत्र संख्या : ०७६/०७७
चलानी नं. ५१८

मिति : २०७६/०७/२८

कर चुक्ता भएको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि सहित रितपुर्वक निवेदन दिई बोल पत्र फारम (रकम फिर्ता नहुने गरि) यस कार्यालयवाट खरीद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षरमा भरि प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ८ औं दिनको १२:०० वजे भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा बोलपत्र दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० वजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ साथै फारम खरिद गर्ने वा दाखिलागर्ने दिन सार्वजनिकविदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. बोलपत्र फाराम साथ बोलपत्र जमानत वापतको रकम (कवोल अङ्कको ५% ले हुन आउने रकम) यस गाउँपालिका कार्यालयको नेपाल वैक लि. चौतारा शाखामा रहेको धरौटी खाता नं.०५७०३००००००००३००००८८ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वोलपत्र साथ पेश गनुपर्ने छ । साथै वोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

४. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३०% ले हुन आउने रकम यस कार्यालयमा जम्मा गरेको सक्कल बैंक भौचर र ठेक्का अंकको बुझाउन बाँकी ७०% ले हुनआउने रकमको ठेक्का सम्झौता मितिले बढिमा ३ महिना भित्र गाउँकार्यपालिकाको कार्यालयमा वुझाउनु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन वमोजिम फिर्ता गरिनेछ ।

२०७६/०७/२८

मोहन प्रसाद सिरौला
प्रमुख प्रशासकीय अधिकृत

भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकटी, सिन्धुपाल्चोक
३ नम्बर प्रदेश, नेपाल
फोन नं. : ०१-६२०१८१७
ईमेल :ito.bhotekoshimun@gmail.com
वेबसाइट : www.bhotekoshimun.gov.np

पत्र संख्या : ०७६/०७७
चलानी नं. : ५१८

मिति : २०७६/०७/२८

६. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने रकम मु.अ. कर, अग्रिम कर, आय कर लगायतका सम्पुर्ण करहरु ठेकदार स्वयमले आफ्नो तर्फबाट बुझाउनु पर्नेछ। तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन।

७. प्रचलित ऐन वमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत रकम सम्म छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनको लागी भने छुट दिइने छैन।

८. ठेक्का अवधि भोटकोशी गाउँपालिकासँग ठेक्का सम्झौता भएको मिति देखि २०७६ साल जेठ मसान्त सम्म रहनेछ।

९. बोलपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त बोलपत्र फारामसाथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्यशर्तहरुका प्रत्येक बुँदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछन।

२०७६/०७/२८

मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत